COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मकरूपमा गर्नका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३४८४, मिति २०७६-१२-२० को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यदिशबमोजिम यस जिल्लाको जिल्लागत Crisis Management Center को बैठक आज मिति २०७७-०५-२४ गते देहायका महानुभावहरूको समुपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः-**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री दिपकराज नेपाल | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| जि.स.अ. | श्री आनन्दराज पोखरेल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| व.ज.प्र. | श्री प्रणय कुमार उपाध्याय | जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुर |
| प्रहरी उपरीक्षक | श्री सुशील सिंह राठौर | जिल्ला प्रहरी कार्यालय, मकवानपुर |
| सशस्त्र प्रहरी उपरीक्षक | श्री निरकृष्ण अधिकारी | सशस्त्र प्रहरी बल नेपाल, नं. १४ गण, हे.क्वा. |
| उप-अनुसन्धान निर्देशक | श्री लीलाधर पौडेल | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मकवानपुर |
| सेनानी | श्री चन्द्र बहादुर लामा | पुरानो गोरख गण, सुपारेटार ब्यारेक |
| स.प्र.जि.अ. | श्री चिरञ्जीवी शर्मा | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| निर्देशक | डा. हरि बहादुर खड्का | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौडा |

**सल्लाहकारः-**

| | | |
|---|---|---|
| प्रमुख | श्री रघुनाथ खुलाल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| उप-प्रमुख | श्री मिना कुमारी लामा | हेटौडा उ.म.न.पा. |

**आमन्त्रितः-**

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | श्री नमराज घिमिरे | हेटौडा उ.म.न.पा. |
| अध्यक्ष | श्री प्रकाश पौडेल | हेटौडा अस्पताल, हेटौडा |
| हे.इ. छैठौं | श्री सुपेन्द्र कार्की | हेटौडा उ.म.न.पा., नगर कार्यपालिकाको कार्यालय |
| अध्यक्ष | श्री कृष्ण कट्वाल | मकवानपुर उद्योग वाणिज्य संघ, हेटौडा |
| अध्यक्ष | श्री लेखराज पोखरेल | उद्योग संघ मकवानपुर |
| डा.अ. | श्री तीर्थराज उपाध्याय | हेटौडा अस्पताल |

माधव पौडेल

निर्णयहरू:-

क. मिति २०७७-०५-२६ देखि २०७७-०६-०५ गतेसम्म मकवानपुर जिल्लाभित्र सार्वजनिक सेवा प्रवाह, बजार/व्यवसाय, उद्योग, बैंक तथा वित्तिय संस्था, यातायात क्षेत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**१. सरकारी कार्यालय तथा सार्वजनिक संस्थानबाट हुने सेवा प्रवाहका सम्बन्धमा**

- सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूबाट अत्यावश्यक र जरूरी सेवाहरू सञ्चालन गर्ने ।
- अत्यावश्यक र जरूरी सेवाहरूका सम्बन्धमा स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना गरी, गराई कार्यालय प्रमुखले आवश्यक व्यवस्थापन गर्ने ।

**२. संघसंस्थाहरूका सम्बन्धमा**

- विभिन्न संघसंस्थाहरूबाट हुने जनसम्पर्कका कार्य बन्द गर्ने ।

**३. बैंक तथा वित्तिय संस्था एवं सहकारीका सम्बन्धमा**

- बैंक तथा वित्तिय संस्थाबाट हुने सेवा प्रवाहलाई नियमितरूपमा विहान १०:०० देखि दिनको ३:०० बजेसम्म सुचारू गर्ने ।
- सबै बैंकहरूले ATM २४ घण्टा खुला राख्ने तथा डिजिटल सेवाहरू अनिवार्यरूपमा सुचारू गर्ने ।
- सहकारी तथा अन्य वित्तिय संस्थाहरूबाट फिल्डमा कर्मचारी खट्ने, खटाउने कार्य पूर्णरूपमा बन्द गर्ने ।

**४. होटल, रेष्टुरेन्ट, लज एवं रिसोर्टहरूका सम्बन्धमा**

- होटल, रेष्टुरेन्ट, लज एवं रिसोर्टहरूबाट खाजा तथा खाना प्याकिङ तथा Take Away बाहेकका अन्य सेवाहरू पूर्णरूपमा बन्द गर्ने । तर, क्वारेन्टिन तथा आईसोलेसन प्रयोजनको लागि होटल, रेष्टुरेन्ट, लज, रिसोर्टहरू सञ्चालन गर्न सकिने छ ।
- खाजा तथा खाना प्याकिङ तथा Take Away विहान १०:०० देखि दिनको ३:०० बजेभित्र गरिसक्नु पर्नेछ ।

**५. सार्वजनिक तथा निजी यातायातका सम्बन्धमा**

- जिल्लाभित्र सार्वजनिक यातायातका साधनहरू हाललाई अर्को सूचना नभएसम्मका लागि बन्द गर्ने ।
- जिल्लाभित्र निजी सवारी साधन सञ्चालनका सम्बन्धमा जोर बिजोर प्रणाली (गते अनुसार) लागू गर्ने ।
- अनुमति प्राप्त बाहेक बाहिरी जिल्लाबाट हुने यात्रुवाहक सवारी साधनहरू (दुई पाङ्ग्रे समेत)को आवागमनलाई पूर्णरूपमा रोक लगाउने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

६. बजार व्यवस्थापन सम्बन्धमा

- खाद्यान्न, तरकारी र दुध तथा दुग्धजन्य पदार्थ बिक्री वितरण गर्ने पसल/व्यवसाय विहान ५:०० देखि ९:०० बजेसम्म र बुँदा नं. ११ मा उल्लेख भएका बाहेक अन्य सबै किसिमका पसल/व्यवसायहरू विहान १०:०० देखि दिनको ३:०० बजेसम्म मात्र खुल्ला रहने । यस कार्यको संयोजन मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।
- हेटौडा बजार क्षेत्रभित्र हुने Load Unload को कार्य साँझ ५:०० बजेदेखि भोलिपल्ट विहान ५:०० बजेभित्र मात्र गर्ने, गराउने ।
- स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगर्ने व्यवसायीहरूलाई तत्काल पसल/ व्यवसाय बन्द गराई कारवाहीको दायारामा ल्याउने ।

७. उद्योग क्षेत्र व्यवस्थापन

- उद्योग सञ्चालन गर्दा सम्भव भएसम्म उद्योग परिसरभित्रै कर्मचारी तथा श्रमिक राख्ने व्यवस्था मिलाउने ।
- उद्योग परिसरभित्र कर्मचारी तथा श्रमिकहरू राख्न सम्भव नभएको खण्डमा विहान ८:०० बजेभित्र कर्मचारी तथा श्रमिकहरूलाई उद्योग परिसरभित्र प्रवेश गराईसक्नुपर्ने र साँझ ६:०० बजे पश्चात् मात्र उद्योग परिसरबाट बाहिर पठाउने । कार्यरत कर्मचारी तथा श्रमिकहरूलाई सवारी साधनको प्रयोग गरी घरबाटै ल्याउने र लाने व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।
- कर्मचारी तथा कामदार घर फर्किसकेपश्चात समुदायमा घुलमिल नहुने व्यवस्था सम्बन्धित उद्योगले मिलाउने, सो को आवश्यक अनुगमन निरीक्षण गर्ने र नियमितरूपमा DCCMC को बैठकमा प्रतिवेदन पेश गर्ने । यस कार्यको संयोजन उद्योग संघ, मकवानपुर र मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।
- बाहिरी जिल्लाबाट अति आवश्यक कार्यको लागि श्रमिक एवं कर्मचारी ल्याउनुपर्ने भएमा RT-PCR Test गराई Negative रिपोर्ट प्राप्त भएको अवस्थामा मात्र ७२ घण्टाभित्र ल्याईसक्नुपर्ने ।
- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगरी उद्योग सञ्चालन गरेको पाइएमा तत्काल उद्योग बन्द गरी कारवाहीको दायरामा ल्याउने ।

८. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय सम्बन्धमा

- उत्पादनदेखि बिक्री वितरणसम्मका सबै श्रृङ्खला खुला गर्ने ।

९. विकास आयोजना तथा निर्माण कार्य सम्बन्धमा

- विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धित समेत) र निर्माण कार्य (निजी समेत) सञ्चालन गर्न सकिने ।



दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

- यसरी विकास आयोजना तथा निर्माण कार्य सञ्चालन गर्दा आयोजनास्थल वा निर्माणस्थलमा नै कामदार तथा कर्मचारी रहने व्यवस्था मिलाउनु पर्ने ।
- बाहिरी जिल्लाबाट अति आवश्यक कार्यको लागि श्रमिक एवं कर्मचारी ल्याउनुपर्ने भएमा RT-PCR Test गराई Negative रिपोर्ट प्राप्त भएको अवस्थामा मात्र ७२ घण्टाभित्र ल्याईसक्नुपर्ने ।
- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगरी आयोजना तथा निर्माण कार्य सञ्चालन गरेको पाइएमा तत्काल निर्माण कार्य बन्द गरी कारवाहीको दायरामा ल्याउने ।

**१०. माथि उल्लेखित क्षेत्रभित्रका गतिविधि सञ्चालन गर्दा अनिवार्यरूपमा नेपाल सरकारद्वारा लागू गरिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना गर्नुपर्ने छ ।**

**११. देहाय बमोजिमका सेवा र कार्यहरू अर्को सूचना नभएसम्मका लागि सञ्चालन नगर्ने**

- शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
- सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
- सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
- सार्वजनिक पुस्तकालय, सङ्ग्राहलय, चिडियाखाना,
- स्पा, सैलुन तथा ब्युटी पार्लर,
- स्वमिङ पुल, जिमखानालगायतका हेल्थ क्लब,
- सपिङ मल,
- समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
- सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
- यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत),
- सबै प्रकारका साईकल, रिक्सा, ठेलागाढा लगायतबाट हुने व्यापार तथा व्यवसाय एवं कबाडी जन्य वस्तु संकलन कार्य ।

**१२. अनुगमन सम्बन्धमा**

- माथि उल्लेखित बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन तथा कारवाहीको लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट नियमित अनुगमन गर्ने, गराउने ।
- अनुगमनका सम्बन्धमा आवश्यकता बमोजिम उप-समिति गठन गर्ने ।
- अनुगमनका क्रममा कैफियत देखिएमा तत्काल प्रचलित कानून बमोजिम कारवाहीको दायरामा ल्याउने ।
- वडा अध्यक्षहरूको अध्यक्षतामा स्थानीय स्वास्थ्यकर्मी र सुरक्षाकर्मी संलग्न हुने गरी गठन गरिएको अनुगमन समितिले आवश्यकता अनुसार स्थानीय टोल विकास संस्थाका प्रतिनिधि

समेत परिचालन गरी आफ्नो वडामा नियमित अनुगमन गर्ने । अनुगमनका क्रममा मापदण्ड विपरित भए, गरेको पाइएमा त्यस्ता क्रियाकलाप तत्काल बन्द/रोक लगाई कारवाहीको लागि जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा सिफारिस गर्ने ।

- COVID-19 बाट संक्रमित व्यक्तिहरूको सम्पर्कमा आएका Contact Tracing मा परेका र Home Isolation बसेका व्यक्तिहरूको नियमित Follow Up गर्ने कार्यको लागि आवश्यक व्यवस्थापन स्वास्थ्य कार्यालय, मकवानपुरले मिलाउने ।

१३. समग्र जिल्ला वा जिल्लाको कुनै क्षेत्र वा भागमा कोभिड-१९ को संक्रमितहरूको संख्या/अवस्थाका आधारमा सञ्चालन भएका/गरिएका सेवाहरूमा जुनसुकै बखत परिमार्जन गर्न सकिने ।

२०७७।४।२४
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी